# लोक सेवा आयोग

## दरखास्त व्यवस्थापन केन्द्र

## स्वास्थ्य सेवाको एघारौं तहको खुला/समावेशी प्रतियोगितातर्फ

## उम्मेदवारले अनलाइन दरखास्त फाराम भर्दा ध्यान पुऱ्याउनुपर्ने विषय सम्बन्धी चेकलिष्ट

उम्मेदवारले अनलाईन दरखास्त फाराम भर्दा फाराममा उल्लेखित देहायका विवरणहरु स्पष्ट रुपमा भरेको हुनुपर्नेछ तथा सो संग सम्बन्धित देहायका कागजातहरु स्वयंले प्रमाणित गरी दरखास्त दिने अन्तिम मितिको ७ दिनभित्र अनिवार्य रुपमा दरखास्त व्यवस्थापन केन्द्रमा बुझाउनु पर्नेछ ।

| क्र.स. | विवरण | छ | छैन |
|---|---|---|---|
| १ | फोटो र दस्तखत स्पष्ट देखिने गरी अपलोड गरेको । | | |
| २ | नेपाली नागरिकताको प्रमाणपत्रको नम्बर र जारी मिति भरी प्रतिलिपी अपलोड गरेको । | | |
| ३ | स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ६ मा उल्लेख भएअनुसार आवेदन गरेको पदका लागि तोकिए बमोजिमको न्यूनतम योग्यता पुगेको । | | |
| ४ | सम्बन्धित पदको लागि उल्लेख भए अनुसार शैक्षिक योग्यताको विवरण स्पष्टरुपमा उल्लेख गरेको र सो को प्रमाणपत्र (ट्रान्सक्रिप्ट) अपलोड गरेको । | | |
| ५ | विदेशी शिक्षण संस्थामा अध्ययन गरेको भए समकक्षता पेश गरेको, सो कागजात दरखास्त दिने अन्तिम मिति भित्रै जारी भएको र अपलोड गरेको । | | |
| ६ | विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको भए सो को कागजात अपलोड गरेको। | | |
| ७ | चारित्रिक प्रमाणपत्रको जारी मिति उल्लेख गरेको र सो कागजात अपलोड गरेको । | | |
| ८ | सम्बन्धित व्यवसायी परिषदमा दर्ता/विशेषज्ञ दर्ता र नवीकरण भएको, दर्ता नम्बर तथा जारी मिति भरेको र सो कागजात दरखास्त दिने अन्तिम मिति भित्रै जारी भएको र अपलोड गरेको । | | |
| ९ | सम्बन्धित सेवा समुह/ उपसमुहको अधिकृतस्तरका लागि तोकिएको शैक्षिक योग्यता पूरा गरी सकेपछि देहायका निकायहरुमा रही सम्बन्धित क्षेत्रको अधिकृत स्तरको पदमा ७ वर्ष सेवा गरेको अनुभव प्राप्त गरेको र सो सम्बन्धी नियुक्ति पत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको कागजात अपलोड गरेको । | | |
| | • निजामती तथा अन्य सरकारी निकाय, | | |
| | • नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था, | | |
| | • विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति, | | |
| | • ऐनद्धारा स्थापित संस्था वा निकाय, | | |
| | • संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टीकृत निकाय, | | |
| | • अन्तर सरकारी अन्तर्राष्ट्रिय संगठनहरु, | | |
| | • विश्वविद्यालयको आंगिक क्याम्पस, | | |
| | • सामुदायिक विद्यालय वा क्याम्पस, | | |
| | **द्रष्टव्य:** एक वर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवा तथा आंशिक रुपमा काम गरेको अवधि गणना नगरिने । | | |
| १० | सि.नं. ९ मा उल्लेखित संस्था बाहेकका अन्य संस्था भए उम्मेदवारले अनुभव गरेको पदसँग सम्बन्धित विवरण उल्लेख भएको सम्बन्धित संस्थाको कर्मचारी विनियमावलीको प्रतिलिपी उपलब्ध रहेको । विनियमावलीको प्रथम पाना, सेवा गरेको पदनाम उल्लेख रहेको पाना तथा सो पदको नियुक्ति प्रक्रिया खुलेको पाना अपलोड गरेको । | | |
| ११ | लोक सेवा आयोगले तोके बमोजिमको अनुभव सम्बन्धी फाराममा आवश्यक विवरण खुल्ने गरी भरेर प्रमाणित गरिएको कागजात अपलोड गरेको । | | |
| १२ | समावेशीतर्फ दरखास्त फाराम भर्ने उम्मेदवारले समावेशी समुह खुलाएको, कानुन बमोजिम समावेशी समुह खुल्ने कागजात पेश गर्नुपर्नेमा सो पेश गरेको, समावेशी खुल्ने कागजात विज्ञापनमा तोकिएको निकायवाट दरखास्त दिने अन्तिम मिति भित्रै जारी भई अपलोड गरेको । | | |
| १३ | दरखास्त दिने अन्तिम म्याद सम्म २१ बर्ष उमेर पूरा भै ४५ बर्ष ननाघेको । तर स्वास्थ्य सेवामा वहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद नलाग्ने । | | |

उल्लेखित विवरण साँचो हो । झुठा ठहरे लोक सेवा आयोग ऐन, नियमावली, कार्यविधि लगायत अन्य कानुनी व्यवस्था र लोक सेवा आयोगको निर्णय स्वीकार गर्नेछु ।

**उम्मेदवारको**

दस्तखत :

नाम, थर :

**दरखास्त दिएको**

विज्ञापन नं :

पद :

सेवा/समुह/तह :